म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३१४ | बुधबार ८ असार २०७९ | ने. सं. ११४२ तछलागा | 22 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## धितो राख्न जग्गा वर्गीकरण गर्नुनपर्ने

काठमाडौं, ७ असार/ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जग्गाको वर्गीकरण नगरी बैंक तथा वित्तीय संस्थामा धितो नराख्न दिएको निर्देशन तत्काल लागू नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ । सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले मन्त्रालयको आदेशले नागरिकको मौलिक हक हनन भएको भन्दै निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो ।

मन्त्रालयले गत २७ जेठमा बसेको मन्त्रीस्तरीय बैठकको निर्णय भन्दै खेतीयोग्य वा गैरखेतीयोग्य जमिन वर्गीकरण नगरेसम्म बैंक तथा वित्तीय संस्थामा धितो बन्धक राख्न नपाइनेलगायत आदेश दिएको थियो । तर, मन्त्रालयको सो निर्णयले अध्ययनका लागि विदेश जाने विद्यार्थीदेखि सामान्य व्यापार गर्नेलाई समेत अप्ठ्यारो परेको भन्दै सर्वोच्चमा रिट परेको हो । विष्णुबहादुर सुनुवारले सर्वोच्चमा दिएको रिटमाथि अधिवक्ता राजु खत्री र लक्ष्मण थपलियाले बहस गरेका थिए । सर्वोच्च अदालतले मन्त्रालयले दिएको आदेशमध्ये बुँदा नम्बर ७ लाई तत्कालका लागि कार्यान्वयन नगर्न आदेश दिएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता जनकराज जोशीले बताए । उनका अनुसार अन्य व्यवस्था भने यथावत् रहनेछ ।

# हेटौंडाको नीति कार्यक्रम कार्यपालिकाबाट पारित

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/०८० का लागि बजेट ल्याउने तयारी गरेको छ ।

संविधानत: संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटपछि स्थानीय तहले नीति तथा कार्यक्रम र बजेट ल्याउने छन् । सोहीअनुसार प्रदेश सरकारको पनि बजेट प्रस्तुत भएपछि मकवानपुरका स्थानीय तहहरु बजेट ल्याउने तयारीमा जुटेका हुन् ।

बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकाले साढे २ अर्ब बढीको बजेट ल्याउने तयारी गरेको छ । बजेटअघि १० असारमा उपमहानगरले नीति तथा कार्यक्रम नगरसभामा प्रस्तुत गर्ने भएको छ ।

मंगलबार बसेको कार्यपालिका बैठकले १० गतेलाई नगरसभा बोलाएको छ । नगरसभामा उपमहानगरको नीति तथा कार्यक्रम प्रस्तुत हुनेछ । मंगलबार नीति तथा कार्यक्रममाथि छलफल गर्न बैठक बोलाइएको थियो । उक्त बैठक मेयरको अधिकार कटौती गर्ने संशोधन प्रस्ताव लगेको नेकपा एमालेले बहिष्कार गरेको थियो । एमालेले बैठक बहिष्कार गरेपनि मंगलबार नीति तथा कार्यक्रम कार्यपालिकाबाट पारित भएको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

नियमानुसार गणपुरक संख्या पुगेको कार्यपालिका बैठकमा नगर प्रमुख मिनाकुमारी लामाले नगर सभामा पेश हुने नीति तथा कार्यक्रम



प्रस्तुत गर्न उपप्रमुख राजेश बानियाँमार्फत् योजना महाशाखा प्रमुख भीम तिमल्सिनालाई जिम्मेवार दिएकी थिइन् । उनले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा एमालेबाट निर्वाचित वडाध्यक्ष र कार्यपालिका सदस्यहरु बैठकबाट बाहिरिएको प्रवक्ता न्यौपानेले बताए । एमालेले बैठक सञ्चालन सम्बन्धी कार्यविधि संशोधनको प्रस्ताव लगेको थियो । जसमा मेयरको अधिकार कटौती गर्नुपर्ने माग थियो ।

सबैको उपस्थितिमा नीति तथा कार्यक्रम छलफलका लागि पेश भइरहँदा एमालेले आफूहरुले ल्याएको संशोधन प्रस्ताव दर्ता नभएको भन्दै असन्तुष्टी जनाउँदै बैठक छाडेर हिँडेको प्रवक्ता न्यौपानेले जानकारी दिए । २९ सदस्यीय कार्यपालिकामा १८ सदस्यसहित एमालेको बहुमत छ । तर, बैठक सञ्चालन कार्यविधिअनुसार बजेट कार्यक्रम नीति तथा स्थानीय तहको नियमावली बाहेकको विषयमा १५ (२) बमोजिम निर्णय हुन नसकेमा व्यक्तिगत उत्तरदायित्व निजमाथि रहने गरी नगर कार्यपालिकाको प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ भनिएको छ । 'बैठकमा कोरम पुगेर सबै जनाको उपस्थित भएपछि नीति कार्यक्रम टेबल भएको हो । प्रस्तुत गर्ने बेलामा संशोधन प्रस्ताव दर्ताको विषय एमालेले अगाडि बढाएको थियो', न्यौपानेले भने ।

उपमहानगरले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर नीति कार्यक्रम तथा बजेट ल्याउने तयारी गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

उपमहानगरपालिकाका योजना, बजेट, सूचना तथा तथ्याङ्क महाशाखा प्रमुख तिमल्सिनाले बैठकमा नीति, कार्यक्रम तथा बजेटको मस्यौदा छलफलका लागि प्रस्तुत गरेका थिए । नगर प्रमुख लामाले नगरसभामा नीति कार्यक्रम पेश गर्ने निर्णय गरेकी हुन् ।

एमालेले नीति, कार्यक्रम तथा बजेट उपमहानगरपालिकाको विषयगत समितिमार्फत् आउनुपर्ने बताएको छ । हेटौंडा उपमहानगर पालिकाको ५ वटा विषयगत समितिहरु गठन हुन नसकेको र विधिअनुसार नीति, कार्यक्रम र बजेट मस्यौदा नआएकोले बैठक बहिष्कार गर्न बाध्य भएको कार्यपालिका सदस्य सुनिल मोक्तानले बताए ।

**मेयरको अधिकार कटौती गर्ने प्रस्ताव**

हेटौंडा/नेकपा एमालेका कार्यपालिका सदस्यहरुले मेयरको अधिकार कटौती गर्ने संशोधन प्रस्ताव अघि बढाएपछि बैठक बहिष्कार भएको पाइएको छ ।

एमालेको प्रस्तावमाथि मेयर र अन्य कार्यपालिका सदस्यहरुले असहमति जनाएपछि एमालेका सदस्यहरु बैठक बहिष्कार गरेर हिँडेको प्रवक्ता न्यौपानेले बताए । एमालेले कार्यविधिको नियम १५ (२) बैठकको निर्णय सामान्यतया सर्व सम्मतिको आधारमा गर्नुपर्ने र मत विभाजन हुने अवस्थामा बैठकमा बहुमत सदस्यको निर्णय मान्नुपर्ने प्रस्ताव गरेको थियो । बैठक सञ्चालन सम्बन्धि कार्यविधिमा १५(२) बैठकको निर्णय सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछ र मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्तीसहित बहुमत सदस्यको निर्णय बैठकको निर्णय मानिने उल्लेख छ ।

एमालेले कार्यपालिकामा आफ्नो बहुमत भएपछि बहुमतको निर्णय लागू गर्ने रणनीतिसाथ प्रमुखको अधिकार कुण्ठित पार्न कार्यसञ्चालन नियमावली संशोधनको प्रस्ताव गरेको बुझिएको छ । 'स्थानीय सरकार सञ्चालन ऐनमा प्रमुखको निर्णय नै अन्तिम हुनेसम्मको अधिकार रहेकोले त्यसमा बहुमत वा अल्पमतको विषयले कुनै अर्थ राख्दैन', उपमहानगरपालिकाका प्रवक्ता न्यौपानेले भने ।

# 'अस्पतालमा धेरै सुधार गरेका छौं, हामीलाई बुझेनन्'

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा.रामचन्द्र सापकोटाले अस्पतालको उपचार सेवामा व्यापक सुधारका काम भएपनि कसैले बुझ्न नसकेको गुनासो गरेका छन् ।

५० बेडको अस्पतालमा धेरै सेवा सुविधा र बिरामीको उपचारमा सुधार गरेपनि सर्वसाधारणबाटै बुझ्ने काम नभएको गुनासो गरेका हुन् । हेटौंडा अस्पतालमा विगत केही दिनदेखि बिरामीको चाप बढेर व्यवस्थापन अस्तव्यस्त बनिरहेको विषयमा सर्वसाधारणले अस्पताल प्रशासनमाथि प्रश्न उठाउँदै आएका छन् ।

तर, अस्पताल प्रशासनले बिरामीको चाप अत्यधिक बढेकाले व्यवस्थापनमा कठिनाई भएको तर, बिरामीको उपचारमा भएको सुधारमा कसैले ध्यान नदिएको जनाइएको छ । मंगलबार पत्रकार सम्मेलन गर्दै मेसु डा. सापकोटाले विगतमा भन्दा अस्पतालमा धेरै सुधारका काम भएको बताउँदै केही साना कमजोरीलाई ठूलो मुद्दा बनाइएको प्रति चिन्ता



व्यक्त गरे । सोमबार सर्वसाधारणहरुले अस्पताल परिसरमा धर्ना कसेर चिकित्सकहरुमाथि गलत व्यवहार भएको भन्दै प्रशासनले भर्त्सनासमेत गरेको छ । अस्पताल व्यवस्थापन समितिका सदस्य उत्सव चौलागाईंले चिकित्सहरु अस्पताल समय छोडेर कतै मेडिकलमा नगएको बताएका छन् । धर्नामा बस्नेहरुले चिकित्सकहरुलाई अस्पताल समयमा मेडिकल गएको आरोप लगाएको भन्दै कोही चिकित्सक मेडिकल गएको प्रमाण ल्याए कारबाही गर्ने चेतावनी उनले दिए । अस्पतालको व्यवस्थापकीय कमजोरीका कारण बिरामीहरुले उपचारमा कठिनाई भोग्दै आएको भन्दै सोमबार सर्वसाधारणहरुले अस्पतालमा धर्ना कसेका थिए ।

उपचारका लागि आएका बिरामीले धेरै दु:ख पाउने गरेको, गर्मीमा बिरामीहरु तातो जस्तामुनि घण्टौं लाइन बसेर ओपीडीको टिकट काट्नेदेखि औषधि लिनुपर्ने बाध्यता रहेको, बिरामीहरुले भिडियो एक्सरे गर्न नपाएकोलगायतका गुनासो राखेका थिए । धर्नामा सहभागीहरुले चिकित्सकहरुलाई पहिलो र अन्तिम सुझाव भएको भन्दै कारबाही गर्ने चेतावनीसमेत दिएका थिए ।

अस्पताल व्यवस्थापन पक्षले कमिकमजोरी भएको खण्डमा सुधार्ने र सेवालाई चासो दिँदै बिरामीलाई सुविधाका साथ सेवा गर्ने प्रतिवद्धता मेसु डा. सापकोटाले गरे । मेसु सापकोटाले कर्मचारीको अभाव र आवश्यक प्रविधि नभएकोले अस्पतालमा उपचार गराउन समस्या भएको बताएका छन् ।

५० वेडको स्वीकृति प्राप्त अस्पतालमा १ सय १० बेडको सेवा प्रदान गरिरहेको उनको दावी छ । उनले अस्पतालमा गुणस्तरीय सेवा बढाएकाले बिरामीको चाप बढेकोतर्फ ध्यान दिन आग्रह गरे ।

६/७ वर्षअघि केही डाक्टरहरुको मात्रै सेवा पाइरहेका मकवानपुरबासीले हाल २५ जना डाक्टरहरुबाट सेवा लिइरहेको उनको भनाइ छ । सुधारका लागि काम गरिरहेकाले सबैले बुझ्दिनुपर्ने उनको भनाइ छ ।

# पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा विरोध प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा हेटौंडामा बिरोध प्रदर्शन भएको छ ।

मंगलबार राप्रपा नेपाल निकट युवाहरुले पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा हेटौंडामा विरोध प्रदर्शन गरेका हुन् । उनीहरुले राँके जुलुश निकाल्दै हेटौंडा बजारमा नाराबाजी गरेका थिए ।

गठबन्धन सरकार मूल्यवृद्धि, मंहगी र भ्रष्टचार गर्नमात्र बनेको भन्दै 'गठबन्धन सरकार मुर्दावाद' को नारा लगाएका थिए । उनीहरुले गरेको राँके जुलुस प्रदर्शन हेटौंडाको सानो पोखरा, बुद्धचोक हुँदै कोणसभामा परिणत भएको थियो ।

उनीहरुले सरकारले तत्काल मूल्यबृद्धि फिर्ता नगरे कडा आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् । प्रदर्शनमा 'राष्ट्रवादीहरु एक हौ, कालोबजारी मुर्दावाद, गठबन्धन सरकार मुर्दावाद, राप्रपा नेपाल जिन्दावाद, यो सरकार हो कि माफिया ?' लगायत नाराहरु लगाइएको थियो । पछिल्लो पटक सरकारले पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यासलगायत दैनिक उपभोग्य बस्तुहरुमा भारी मूल्यबृद्धि गरेसंगै देशैभर विरोध प्रदर्शन भइरहेको छ ।

# लागूऔषधसहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले गस्तीको क्रममा हेटौंडा-१५ चुरियामाई स्थित पूर्वपश्चिम लोकमार्ग



सडकखण्डमा लागूऔषधसहित एकजनालाई पक्राउ गरेको हो । पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको बा. २५ प १२४ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा प्रहरीले हेटौंडा-४ का २७ वर्षीय सुनिल देउलाले लुकाएर ल्याएको ६५ बोतल लागूऔषध फेला परेको हो । सुनिल र मोटरसाइकल नियन्त्रणमा लिएर प्रहरी थप अनुसन्धान अगाडि बढाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा अस्पतालको सेवा सुधारौं, नकारात्मक सन्देश नफैलाऔं

मकवानपुर जिल्लाको एकमात्र सरकारी अस्पताल हेटौंडा अस्पतालमा उपचारको लागि जाने बिरामीहरुले सहज सेवा नपाएको विषय पछिल्लो समय पेचिलो बन्दै गइरहेको छ । अस्पतालबाट प्रदान गरिँदै आएको सेवा सहज नभएको जनगुनासो आइरहेको छ । टिकट लिन लामो लाइन बस्नुपर्ने, टिकट लिएपछि डाक्टर भेटेर जचाउन समय लागेको, डाक्टरले लेखेको ल्याब परीक्षणको रिपोर्ट ढिलो आएको, भिडियो एक्स-रे समयमा नभएको, रिपोर्ट आएपछि डाक्टरले लेखेको औषधि लिन पनि लामो लाइन बस्नु परेको जनगुनासो भइरहेका बेला नेपाली काँग्रेस हेटौंडा नगरसमितिले ध्यानाकर्षण पत्र बुझायो । त्यसपछि अस्पतालको नियमित अनुगमन गर्दै जिम्मेवार पक्षलाई सजग गराइरह्यो । त्यससंगै स्थानीय सामाजिक अभियन्ताहरुले सोमबार र मंगलबार अस्पतालमा गएर त्यहाँको विकृतिको विषयमा बुझ्ने र जनतामाझ ल्याउने काम गरेको छ । त्यसबाट अस्पताल प्रशासन र डाक्टरहरु सचेत भएका छन् भन्ने हाम्रो बुझाई छ ।

हेटौंडा अस्पतालको सेवा चुस्त हुनुपर्छ भनेर यसअघि प्रमुख जिल्ला अधिकारी, मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्षलगायत प्रशासनिक तथा व्यावसायिक तहबाट निगरानी हुँदै आएको थियो । यद्यपि, कतिपय कमिकमजोरी हुँदै आएको पाइएको छ । यस सन्दर्भमा अस्पतालको जिम्मेवार पक्ष सजग हुनैपर्छ । जनता स्वास्थ्य सेवा सहज चाहन्छन् । त्यसको व्यवस्थापन जिम्मेवार पक्षले गर्ने हो । जागिर पचाउने मात्र सोचका साथ डाक्टरहरु लाग्नु हुन्न । व्यवस्थापन पक्षले जनताको आक्रोश र माग सम्बोधन गर्न व्यवस्थापकीय सुधार तत्काल गर्नुपर्छ । विगतमा अस्पतालमा काम गर्ने डाक्टरमाथि भएको नकारात्मक गतिविधिका कारण धेरै समय हेटौंडा अस्पतालमा डाक्टर आउन नमानेका घटना धेरै पुरानो भएको छैन ।

अस्पतालको सेवामा सहजता ल्याउन सम्बन्धित पक्ष गम्भीर हुनैपर्छ । अस्पतालको सेवामा सुधार गर्न अभियन्ताहरुले उठाएका मागहरुलाई तत्काल सम्बोधन हुनुपर्छ । स्वास्थ्य जस्तो संवेदनशील विषयमा सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ नकि राजनीति गरेर जसअपजसको जोडघटाउ । अस्पतालको विषयमा नकारात्मक सन्देश जान किमार्थ दिनु हुन्न । संयमित भएर अस्पतालको सेवा सुधार गर्ने अभियानमा सबै लागौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार ९ गते बिहीबार २३ जुन २०२२ । असार कृष्णपक्ष दशमी । तछलागा दशमी ११४२ । सुर्योदय: ५:११, सुर्यास्त: ७:०१ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : ऋणभार बढनाले खिन्नता | तुला | : शैक्षिक कार्यमा सफलता |
| वृष | : आफन्तमा मनोमालिन्य | वृश्चिक | : आफन्तबाट सहयोग |
| मिथुन | : साझेदारीकार्यमा सफलता | धनु | : शत्रुबाट बाधा सृजना |
| कर्कट | : वैदेशिक कार्यमा अवरोध | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : अनावश्यक झंझट बृद्धि |
| कन्या | : सन्तान पक्षबाट सन्तोष | मीन | : आरोप प्रत्यारोपको सामना |

# उड्दा पनि सकस, गुड्दा पनि सकस !



✍ आयास लुईटेल

'कुनै पनि देशको विकासको वास्तविक अवस्था हेर्न त्यस देशको सार्वजनिक यातायातको अवस्था के छ भनेर हेरे पुग्छ ।' यो वाक्य मैले धेरै वर्षअगाडि कुनै किताबमा पढेको थिएँ । किताबको नाम अहिले बिर्सें ।

लाग्छ- म लगायत हामीहरू बिर्सन खप्पिस छौं । दैनिक जनजीवनमा विभिन्न घटनाहरू भई नै राखेका हुन्छन् । केही घटनाहरू मन-मस्तिष्क हल्लाउने खालका हुन्छन् । जुन हामीलाई लाग्छ, हामी सधैं सम्झिरहने छौं । तर कालखण्ड बित्दै जाँदा हाम्रो स्मृतिबाट ती घटना पनि धमिलो हुँदै बिलाएर जान्छन् । मान्छेको यही स्वभावलाई कसै कसैले 'मूभ अन' भन्ने गरेका छन् । तर केही घटना र भोगिएका पलहरू बिल्कुलै बिर्सिन नसकिने खालका हुन्छन् । 'मूभ अन' त परै जाओस् ।

आज एउटा यस्तै 'मूभ अन' गर्न नसकेको घटना तपाईंहरूलाई सुनाउँदैछु । तौलिहवाको कपिलवस्तु अस्पताल आजकालको मेरो कर्मथलो हो । पाटन अस्पतालबाट एमडी गर्ने सिलसिलामा केही महिने पोस्टिङमा म यता खटिएको छु । मसँग यतै काम गर्ने एक जना साथीले तौलिहवाको उच्च गर्मीबाट आलसतालस भएर एकदिन फेसबुकमा लेख्यो- बजारबाट मकै किनेर ल्याएको, कोठा आइपुग्दा पपकर्न भइसकेछ ।

मैले उसको पोस्टमा आलसतालस हुँदै 'हाहा' कमेन्ट लेखें । हुन पनि तौलिहवाको गर्मीको कुरा गरी साध्य छैन । दिनमा चार खेप नुहाइन्छ, पसिना कति बग्छ कति । एउटा रमाइलो कुरा के छ भने डाक्टरहरू 'पसिना बगाउनुस्, वजन घट्छ' भन्छन्, तर त्यो पसिना त कसरत गरेर आउने पसिना हो । तौलिहवाको गर्मीमा आउने खलखल्ती पसिनाले शरीरको बोसो घटाउँदो हो त, ज्यानमा हाडछाला मात्रै बाँकी हुन्थ्यो होला ! उष्ण हावापानीमा नबसेकाले पनि यस्तो अवस्था आइपरेको हो भन्ने मेरो बुझाइ हो । नत्र यहाँका स्थानीय बासिन्दाले वर्षौंदेखि गर्मी त पचाएर बसेकै छन् । भनिन्छ- सत्य शाश्वत हुन्छ । तर यता आएर यो परिभाषा अलिक बेग्लै किसिमले बुझ्दै छु । हरेक मानिसको सत्य एउटै नहुन सक्छ । सत्यको आयाम फरक मान्छेका लागि फरक छ । मलाई पहाड लागेको गर्मी, यस्तो गर्मी पचाइसकेकाहरूका लागि सायद तिल हो ।

तौलिहवाको मेरो बसाइमा दैनिक रूपमा कथाहरू भेटिराखेको हुन्छु । पात्रहरू आफ्नो पोल्टामा कथाहरू बोकेर कहिले अस्पतालको ओपिडीमा आइपुग्छन्, कहिले इमर्जेन्सी । कहिले अपरेसन थिएटरमा मलाई कथाले कुत्कुत्याउँछ त, कहिले आइसियूमा । यी कथाहरू सबै लिपिवद्ध गर्न मन लाग्छ तर धेरैजसो कामको व्यस्तता र थोरबहुत गर्मीले दिने व्याकुलताले कलम अघि बढ्न अटेरी गरिराखेको हुन्छ । हुन पनि गर्मीले दिमाग तातेका बेला सिर्जनात्मक काम, लेखन आदिको गति अलिक सुस्त नै हुने रहेछ । यस्तो भोगाइ सायद मेरो मात्रै होइन होला ! यताको गर्मीबाट थोरै समयको ब्रेक लिन पाउने अवसर मलाई अस्ति वैशाखमा आइपर्‍यो । काठमाडौंको एउटा बिहेमा सरिक हुन मैले कम्मर पनि कसेँ र झोला पनि । अब प्रश्न आयो उडेर जाने कि गुडेर ? व्यक्तिगत रूपमा भन्नुपर्दा मलाई उड्नभन्दा गुड्न मन पर्छ । तर काठमाडौं पुग्नासाथ 'सुटेड बुटेड' भएर जन्ती जानुपर्ने सत्य मेरोअगाडि थियो । गुडेर जाँदा अनिँदो र थकित भइने, अनि धुस्रेफुस्रे पनि । जन्ती त फ्रेस मुद्रामा जानुपर्छ भन्ने लालचले म उडेर काठमाडौं जाने निर्णयमा पुगेँ । अनलाइनबाट नाम चलेको एउटा एयरलाइन्सको टिकट काटेँ । अस्पतालबाट दुई दिन बिदा मागेँ अनि हानिएँ भैरहवा विमानस्थलतिर । तौलिहवाबाट भैरहवा विमानस्थलसम्म पुग्न करिब एक घन्टा लाग्छ । रिजर्भ गाडीमा जाने हो भने त्यति दुरीको लागि २५ सयदेखि ३ हजार रूपैयाँसम्म ठटाउने चलन रहेछ । सार्वजनिक बसमा चढौं भने विमानस्थल पुग्दा हवाइजहाज उडिसक्ला भन्ने तनाव ! एक जना भाइले स्कुटरमा मलाई भैरहवा विमानस्थल पुर्‍याइदिने भए ।

तातो पीचमा गुडिरहेको स्कुटरको अगाडिबाट उसले बोलेको कुरा म कमै सुन्थें । तर पनि 'अँ, अँ, त्यस्तो है ? बाफ रे!' भन्दै उसको कुरा बुझेजस्तो गर्दै थिएँ । मोटरसाइकल, स्कुटर चलाउने र पछाडि बस्ने बीचको आधा अधुरो गफहरू सम्झियो भने हाँसो लागेर आउँछ । विमानस्थल पुगेर एयरलाइन्सको काउन्टरमा उभिएँ । मअघि लाइनमा उभिएकाहरू 'आज उड्ला जस्तो छैन, एउटा ल्यान्ड गर्न नसकेर फर्कियो' भनेर कुरा गर्दै थिए । छेउका यात्रुहरू अझै सशंकित देखिन्थे । मलाई पनि केही गलत हुने वाला छ जस्तो आभास हुन थाल्यो । बोर्डिङ पास लिएर भीडभाड छल्दै कुनाको एउटा सिटमा बसेँ । ब्यागको भारी बिसाएँ अनि चारैतिर नियाल्न थालेँ । नामले अन्तर्राष्ट्रिय विमानस्थल । त्यहाँको अस्तव्यस्तता नाङ्ले पसलेले नाङ्लोमा सामान फिँजाएर राखेको जसरी छरपस्ट देखिन्थ्यो ।

एक मन त यसरी पनि चित्त बुझाएँ- यो आन्तरिक टर्मिनल भएकाले यस्तो दुर्गति भएको होला! अन्तर्राष्ट्रिय टर्मिनल त झकिझकाउ होला! हामी नेपालीले जतासुकै अस्तव्यस्तता पचाउने 'डिफेन्स मेकानिजम' विकास गरेका रूपमा मैले यसलाई बुझेको छु । चुपचाप बस्नु नेपालीको जिनमै जो छ ! साँझ साढे ६ बजेको उडान थियो । साढे चार बजेको जहाज पनि उडेको थिएन । सबै यात्रुहरू तनावमा देखिन्थे । एयरपोर्टमा मेरो आफन्त पर्ने एक जना आमा र उहाँका दुई जना नातिहरू भेटिनु भयो । एक जना नातिलाई भोलि कतारका लागि उड्नु छ, अर्कालाई जापान । जसको मतलब आज जसरी पनि काठमाडौं पुग्नु छ । संयोगबस हामी चारै जना एउटै विमानको यात्रु रहेछौं । मलाई परिरहेको तनावभन्दा आमाका दुई नातिहरूलाई परिरहेको तनाव म स्पष्ट देख्न सक्थें ।

करिब पौने सात बजे विमानस्थलमा माइकिङ भयो- काठमाडौंको विषम मौसमका कारणले आजका सबै उडानहरू रद्द गरिएका छन्, माफ गर्नुस्! विमानस्थलमा हाहाकार मच्चियो । कोही एयरलाइन्सलाई गाली गर्न थाले, कोही मौसमलाई त कोही आफ्नो भाग्यलाई । म भने चिउँडोमा हात राखेर सोच्दै थिएँ- मौसम खराबीमा उडान भर्न नदिनु ठीक । पाइलटको शारीरिक र मानसिक अवस्था तन्दुरूस्त नभए उडान भर्न नदिनु झन् ठीक । तर त्यसपछि अलपत्र परेका यात्रुको उचित व्यवस्थापन खोइ ? अझ दिमागमा के कुरा आयो भने एक जना डाक्टरको हिसाबले कति रात नसुती नसुती, आफ्नै ज्यान बिरामी हुँदा, थकानले चुरचुर हुँदा पनि ड्युटीमा खटिएर बिरामी हेर्नुपरेको अवस्था छ । एउटा थाकेको डाक्टरले पनि त बिरामी हेर्दा दुर्घटना गर्न सक्छ । किन डाक्टरलाई 'तिमी सुतेको छैनौ, तिमी आराम गर र भोलि बिरामी हेर्न आऊ' भनिँदैन ? यो बारेमा सोच्नुपर्ने निकायहरू तैं चुप मै चुपको अवस्थामा छन् । जसरी पनि 'चल्ता है' को नीतिमा स्वास्थ्य क्षेत्र मात्रै होइन सिंगो देश चलेको छ । आमा, आमाका दुई नाति र म जसरी पनि काठमाडौं पुग्नुपर्छ भन्ने निधोमा पुग्यौं । हामीले बुटवल बसपार्क गएर नाइट बसमा काठमाडौं जाऔं भन्ने सल्लाह गर्‍यौं । भैरहवा विमानस्थलबाट ट्याक्सीमा बुटवल बसपार्क पुग्दा लगभग पौने नौ बजेको थियो । बुटवल बसपार्कका टिकट काउन्टर एकपछि अर्कोमा जाँदा एउटै जवाफ मिल्यो- 'सिट छैन, जाने भए एउटा लास्ट सिट खाली छ, मान्ने भए मुढामा बस्नुस्, काठमाडौं चल्नुस् ।' यस्तो कुरा सुनेर हामी झनै दोधारमा पर्‍यौं । तर त्यस्तो हविगत तालमा यात्रा गर्न सकिँदैन भन्ने निर्णय गरियो । आमाका एक जना नाति अलिक चल्तापुर्जा, दुई-तीन ठाउँ फोन घुमाउनु भयो र अन्त्यमा एउटा कार रिजर्भ गरेर बुटवलबाट कान्तिपुरी नगरी जाने निधो भयो । भाडा १५ हजार रूपैयाँ । कारको अगाडि सीटमा आमालाई राखियो अनि हामी तीन जना केटाहरू पछाडि बस्यौं ।

कार ड्राइभर निक्कै बोलक्कड थिए । तर पीडित मुद्राका हामी कसैलाई उनको गफ सुन्ने चाख थिएन । जहाज उडेको भए घर पुगेर, परिवारलाई भेटेर, तातो दालभात खाईवरि बिछ्यौनामा पल्टिसक्थ्यौं होला । तर हाम्रो अहिलेको सत्य अर्कै थियो । केहीबेर शान्त बसेका ड्राइभर करिब दुई घन्टा कार गुडिसकेपछि फेरि बोल्न सुरू गर्छन्, 'तपाईंहरू नआत्तिनु होला है' म एउटा कुरा भन्छु ।' यत्ति भनेर ड्राइभर एकछिन चुप लागे । मान्छेको बानी जे नगर भन्यो त्यही गर्न मन लाग्छ । ड्राइभरले नआत्तिनु भने तर मन त्यसैत्यसै कुरै नसुनी आत्तिहाल्यो । मैले प्वाक्क सोधिहालेँ- के भन्न खोज्नुभएको हो, लौ भनिहाल्नुस् ।

मैले कुरा सक्नासाथ ड्राइभर हाँस्दै बोल्छन्, 'हेर्नुस् म नसुतेको दुई दिन भयो । हिजो पनि यही समयमा ट्रिप लिएर काठमाडौं गएँ । बिहान तीन बजे पुगेँ । फेरि मान्छे लिएर बुटवल आइपुगेँ दिउँसो १२ बजे । निद्रा त लागेको थियो तर साथीहरूसँग बसेर तास खेल्न थालियो । तपाईंहरूले फोन गरेपछि म त तासको खाल छाडेर आएको हुँ ।' यति कुरा सकेर उनले एकचोटि लामो हाइ गरे । ड्राइभरको त्यस्तो कुरा र क्रियाकलाप देखेर झसंग भइयो । अगाडि सिटमा बस्नुभएकी आमा जहान-परिवार सम्झेर खुइय खुइय गर्दै हुनु हुन्थ्यो । पछाडि बसेका हामी तीन जना चाहिँ एकअर्कासँग मुखामुख गर्दै थियौं । स्कुल पढ्दा एक जना गुरुले भन्नु हुन्थ्यो- देशका ड्राइभर अर्थात् नेता गतिला भएनन् भने देश खाडलमा जाकिन्छ ।

यही कुरा सम्झँदै सम्झँदै मैले सोचेँ- हाम्रो ड्राइभरको यस्तो पाराले हामी कुन खाडलमा जाकिने हो वा कुन नदीमा डुब्ने हो' एकैछिनमा आमाका ती नातिले गाडी रोकौं र खाना खाऔं भन्ने प्रस्ताव अघि सारे । ड्राइभरले दाउन्ने पुगेर खाना खाने र पुग्नलाई करिब आधा घन्टा अझै लाग्ने भने । अब भने अघिदेखि जहाज नउडेको विषादमा परेका हामी मच्चीमच्ची गफ गर्न थाल्यौं । आमाका दुई नातिले वैदेशिक रोजगारका भोगाई पालैपालो सुनाए । म बीचबीचमा पत्रकार जसरी संवाद र प्रश्नका शृंखला अघि बढाउँदै थिएँ । अब मेरो पालो आयो गफ गर्ने । मैले पनि रफ्तारमा गफ गरेँ । अब पालो थियो ड्राइभरको । उनलाई पनि हामी मन नलागी नलागी जन्मथलोदेखि परिवारसम्मका यावत कुराहरू सोध्न थाल्यौं । यसरी गफ गर्नुको सिर्फ एउटै उद्देश्य थियो- स्टेरिङ घुमाइरहेका ड्राइभरलाई निदाउन नदिने !

गाडी रोकियो । हामी दाउन्ने पुग्यौं । बिग्रेको बाटोमा कारको यात्रा । जिउ थिल्थिलो भइसकेको थियो । एकछिन हातखुट्टा तन्काएर हामी खाना खान थाल्यौं । खानाको थालीमा प्याजको टुक्रा थियो । प्याजले निद्रा लगाउँछ, जुन हाम्रा लागि हानिकारक थियो । झन् ड्राइभरका लागि त अति नै हानिकारक! तर अचम्मको कुरा के भने ड्राइभर थपीथपी प्याज चपाइरहेका थिए । यस्तो दृश्य देखेर मेरो त लगभग सात्तो नै गयो । आमाका नातिहरूको त झनै! होटल साउनीले ड्राइभरले त्यसरी प्याज थपेको देखेर बोलिन्- ओइ, त्यसरी नखा प्याज! खोलामा लगेर हाल्लास् गाडी ! यो सुनेपछि झन् हंसले ठाउँ छाड्यो । म र आमाका नाति मिलेर ड्राइभरलाई तपाईं एक-दुई घन्टा यतै आराम गर्नुस्, अलि फ्रेसमा जाऔं भनेर कुरा राख्यौं । हाम्रो कुरा सुनेर उनी जोडले हाँसे र भने- नडराउनुस् न! ड्राइभरी लाइफ यस्तै हो, सधैं कहाँ पुग्छ र निद्रा ! मलाई ठीक छ । बरू गई हालौं, फेरि काठमाडौं पुगेर यता छिट्टो फर्किनु छ मलाई । हामी मन अमिलो पार्दै फेरि कार चढ्यौं । गाडी गुडेको लगभग आधा घन्टामा आमाका एक जना नाति घ्वार घ्वार घुर्न थाले । मलाई पनि निद्रा आइरहेको थियो तर समयकाल ठीक छैन भन्ने सोच्दै निदाइनँ ।

करिब ४५ मिनेट गाडी गुडेपछि पछाडिको सिटबाट यसो ड्राइभरलाई हेरेको त उनी त झुल्दै पो रहेछन् । त्यसपछि म जोडले कराएँ र गाडी रोक्न भनेँ । यसरी बरू नजाऔं भनेर ढिपी कसेँ । दस मिनेटपछि एउटा पसलमा गाडी रोकेर ड्राइभरले दुइटा रेडबुल घटघट खाए अनि मुखमा पानपराग राखे । उनका अनुसार रेडबुलले निद्रा भगाउँछ रे ! गाडी फेरि गुड्यो । यसपालि मैले मेरो मोबाइलमा ठूलो आवाजमा गीत बजाएँ । कारमा ब्लुटुथ थियो । पछि त्यसमा गीत घन्काउन थालियो । डाइभर गीतहरू सँगैसँगै गाउँदै थिए । उनी अघिभन्दा फ्रेस देखिन्थे । गाडी रोकेर एकछिन चिया खाने कुरा चल्यो । धार्केमा गाडी रोकेर आमा, आमाका नातिहरू र म चिया खान लाग्यौं । ड्राइभर कता गएछन् भनेर एकछिन खोजी भयो । यसो हेरेको त पसलभित्रको खाटमा लमतन्न परेर उनी घ्वारघ्वार घुर्दै थिए । म र आमाका नातिहरू मिलेर ड्राइभरलाई एक-डेढ घन्टा सुत्न दिने सल्लाह गर्‍यौं ।

एकछिन सुतेर उठेपछि उनी बढी फ्रेस देखिए । त्यसपछि हामी काठमाडौंतिर हानियौं । नागढुंगा आइसकेपछि हामीले ड्राइभरलाई गाली गर्‍यौं । यसरी जोखिम उठाएर यात्रा गर्नु-गराउनु गलत हो भन्यौं । तर देशका ड्राइभरहरूले जनताको कुरा गम्भीरताका साथ नलिएजस्तै उनले पनि हाम्रो कुरालाई जोक र हाँसोमा उडाइदिए । हामी चार जना धन्नधन्न सकुशल आ-आफ्नो निवासस्थान पुग्यौं । लाग्दै थियो कुनै युद्ध जितेर आएजस्तो । समाचारका हेडलाइनहरूमा दैनिकजसो सवारी दुर्घटनाका कुराहरू आइरहेका हुन्छन् । कहिले ड्राइभरको सनक, कहिले सवारीको थोत्रोपन र दुर्गति त कहिले अत्यधिक गति । कारणहरू विभिन्न छन् तर निवारणका पहलकदमीहरू निकै सुस्त छन् । त्यसैले अनाहकमा कैयनले आफ्नो अमूल्य जीवन गुमाउनु परिरहेको अवस्था छ । यसमा ध्यान दिनुपर्ने निकायहरू मौन छन् । नागरिकले दैनिक जसो हत्केलामा ज्यान राखेर हिँड्नुपर्ने अवस्था छ । यो अस्तव्यस्तताको अन्त्य कहिले हुने हो, अन्यौल छ ।

काठमाडौंको बिहेमा जन्ती जाँदा म अनिँदो र थकित मुद्रामै थिएँ । मेरो हालत देखेर कतिले भने- डाक्टरको लाइफ गाह्रो छ है, कामको, पढाइको प्रेसर! तर उनीहरूमध्ये धेरैलाई थाहा थिएन यसपालि म भिन्न खालको 'प्रेसर' खपेर काठमाडौं खाल्डो आइपुगेको थिएँ । र त्यो प्रेसर मैले आफ्नो मुहारबाट लुकाउन सकिराखेको थिइनँ । बिहे सकेर काठमाडौंबाट तौलिहवा फर्किनु थियो । यसपालि भने मैले गुडेर जाने निर्णय गरेँ । तपाईंलाई के लाग्छ ? मेरो यो यात्रा कस्तो रह्यो होला ? दस घन्टाको बाटो मुग्लिन-नारायणगढ आसपास पहिरो खसेर लगभग ३६ घन्टा लगाएर तौलिहवा पुगियो । यो कष्टकर यात्रामा पनि कैयन सहयात्री र कैयन कथाहरू भेटेँ । कथाहरू आउने छन्, जोडिँदै गर्नु होला !

शोकलाई शक्ति र तनावलाई शान्तिमा बदल्ने, सायद मेरा लागि यही एउटा लेखाइ जो छ ! सर्वव्यापी बेथिति र तौलिहवाको गर्मीले यत्तिकै उकुसमुकुस । कसैले सुनोस्, नसुनोस्, ध्यान देओस्, नदेओस् । यत्ति नलेखौं त झनै उकुसमुकुस !

*(डा. आयास लुइँटेल पाटन अस्पतालका आवासीय चिकित्सक हुन् ।)* *-साभार: सेतोपाटी*

# चार मन्त्री फेर्ने निहुँ सबैतिर आगोमा घ्यु



✍ बैकुण्ठ ढकाल

ठ्याक्कै आठ महिना पुगेको दिन नेकपा एकीकृत समाजवादी पार्टीले आफ्ना मन्त्रीहरूलाई सरकारबाट फिर्ता बोलाउने निर्णय गर्‍यो । समाजवादीले यो विषयलाई सामान्य ठानेको थियो । पार्टीले सरकारमा पठाउने बेलामै ६ महिनाको लागि भनेको हो । अहिले फिर्ता बोलाइएका मन्त्रीहरू असोज २२ गते नियुक्त भएका थिए । जेठ २२ गतेको यो निर्णय सार्वजनिक हुँदा एकाएक सरकारमा सहभागी चार मन्त्रीलाई फिर्ता बोलाउने र नयाँ मन्त्री पठाउने निर्णय भनेर चर्चा भए । जवाफमा समाजवादीका नेताहरूले समय तोकेरै पठाएकाले फिर्ता बोलाउने निर्णय गरिएको तर्क दिए ।

तर, आफूलाई नसोधेको भन्दै ती मन्त्रीले पार्टी निर्णयप्रति असहमति जनाए । प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेरै निर्णय कार्यान्वयन नगर्न आग्रह गरे । स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, शहरी विकासमन्त्री रामकुमारी झाँक्री र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले सत्ताघटक नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई समेत गुहारे ।

मन्त्रीहरूको असहमतिसँगै जेठ २३ गते बसेको गठबन्धन बैठकमा एकीकृत समाजवादीको निर्णयका विषयमा छलफल मात्रै भएन, नयाँमन्त्रीको नियुक्तिसमेत रोकियो । बजेटमाथिको छलफललाई देखाएर प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् पुनर्गठन हालका लागि स्थगन गरे । संसद्मा मन्त्रीहरूले मन्त्रालयसँग सम्बन्धित विषयमा जवाफ दिनुपर्ने लगायत कारण तत्काल मन्त्री परिवर्तन गर्न नहुने देउवाको तर्क थियो । समाजवादीका मन्त्रीहरूले आफूहरूलाई हटाई बजेट पारित हुन नदिने र पार्टी नै फुटाइदिनेसम्मको धम्की दिएको समाचार समेत आएका छन् । यसमा केही हदसम्म सत्यता पनि छ । एकीकृत समाजवादीको निर्णयको असर अन्यत्र पनि पर्‍यो ।

जनता समाजवादी पार्टी जसपामा पनि मन्त्री फेर्न दबाब बढ्न थाल्यो । नेकपा माओवादी केन्द्रमा यही किसिमको माग उठ्यो । यसले गठन भएको ११ महिनामै देउवा नेतृत्वको सरकार नै धरापमा पर्ने देखिएपछि सत्तागठबन्धनका शीर्ष नेता माधवकुमार नेपाल र प्रचण्ड पनि चर्को दबाबमा परेपछि निर्णय तत्कालका लागि टरेको छ । तर सार्वजनिक रूपमा स्पष्टीकरण दिनुपरेको छ । गत बुधबार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पार्टीका मन्त्रीलाई ६ महिनाको समय दिइएको प्रतिक्रिया दिएका थिए । अनेरास्ववियु विशेष जिल्ला कमिटीको शपथ ग्रहण कार्यक्रममा अध्यक्ष नेपालले आफ्ना मन्त्रीले आठ महिनासम्म बसेर काम गरिसकेको बताए । 'हामीले मन्त्री फेरेका छौं ।

असोजमा नियुक्त भएकालाई ६ महिनाको अवधि दिइएको थियो,' उनले भने, 'हाम्रो पार्टीबाट मन्त्री भएर राम्रो काम गरेकोमा धन्यवाद भनेका छौं । उनीहरूले पनि पार्टीको निर्णयभन्दा दायाँ-बायाँ गर्दैनौं, कुर्सीमा टाँसिएर बस्दिनौं भनेका छन् ।' नेपालले भने, 'पार्टीले निर्णय गर्‍यो, किन निर्णय लागू भएन होला भन्ने भयो ।

तर, कुरो के भयो भने हाम्रो निर्णयले अरू पार्टीमा पनि भूकम्प गयो ।' कांग्रेस सांसद तथा नेताहरूले पनि मन्त्री फेरबदल गर्नुपर्ने आवाज उठाउन थालेका छन् । कतिपय नेताले पार्टीभित्रै त कतिपयले सार्वजनिक कार्यक्रममै यसबारे बोलेका छन् । प्रतिनिधि सभाको बैठकबाट बाहिने क्रममा एक दिन सञ्चारकर्मीसँग महामन्त्री गगन थापाले भने, 'हाम्रा साथीहरूले पनि इच्छा देखाउनुभएको छ । नयाँ साथीहरू पनि जान पाउनुपर्छ ।' गठबन्धनमा आबद्ध दलभित्रको संकटका कारण आफू अल्पमतमा पर्ने देखिएपछि प्रधानमन्त्री देउवाले लोकतान्त्रिक समाजवादी पार्टीसँग सरकारमा सहभागी हुनका लागि आग्रह गरेको र तारन्तार वार्ता भइरहेको छ । स्थानीय तह निर्वाचनको नतिजापछि कतिपय नेताले गठबन्धनको औचित्यमाथि प्रश्न उठाउन थालेका छन् । एकले अर्कोलाई धोका दिएको आरोप पनि लगाइरहेका छन् । एकले अर्कोमाथि आरोप लगाउनु भनेको आफू पानीमाथिको ओभानु बन्न खोज्नु हो । जसरी पनि प्रधानमन्त्रीलाई सत्ता जोगाउनु छ ।

मन्त्रीहरूलाई पनि कसरी सरकार नछाड्ने भन्ने जुक्ति खोज्नु छ । यसको असरका रूपमा माओवादी अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादी अध्यक्ष आफूलाई प्रधानमन्त्रीको अफर आउन थालेको बताइरहेका छन् । उता देउवाका प्रतिनिधिसभाको आगामी निर्वाचनसम्मै गठबन्धन कायम राख्ने योजना छ । म्यादी मन्त्रीहरूको असर नेपालको विकास निर्माणले व्यहोरिरहेको छ ।

मन्त्री फेर्ने समाचार सार्वजनिक हुनेबित्तिकै सिंहदबारमा कर्मचारी रमाइरहेका थिए । खरदार, सुब्बाहरू '६ महिने मन्त्रीलाई रिंग्याइदिने' सगौरव घोषणा गरिरहेका थिए । मन्त्री फेरिनुलाई नेताहरूले ज्यानको लुगा फेरिनुबराबर ठान्ने गरेका छन् । मन्त्री फेरिँदा जिन्दगी बबाल बन्छ । नागरिकको हात पुर्पुरोमा पुग्छ । यसको हेक्का कसले गर्ने ? -साभार: जनआस्था

# दल खोलेर राजनीतिमा आएका रवि लामिछाने



काठमाडौं/ पत्रकारिता छोडेर राजनीति गर्ने घोषणा गरेका रवि लामिछानेले नयाँ दल दर्ता गर्ने प्रक्रिया सुरू गरेका छन् । मंगलबार काठमाडौंको राष्ट्रिय सभागृहमा घोषणा सभा राखेर उनले आफूले खोल्ने दलको नाम राष्ट्रिय स्वतन्त्र पार्टी हुने बताए ।

पार्टीको केन्द्रीय कार्यालय काठमाडौंको बसुन्धरामा रहने उनले जानकारी दिए । राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिन्ह घन्टी प्रस्ताव गरिएको छ । रविको घोषणा सभामा उनका समर्थको ठूलो उपस्थिति थियो ।

अहिलेका राजनीतिक दलहरूसँग कुराकानी गरेको भए पनि आफू तिनमा जान नसकेकाले नयाँ पार्टी खोलेको उनले बताए । पार्टी घोषणा गर्नुअघि उनले आफू व्यवस्था परिवर्तन गर्न नभई जनताको अवस्था परिवर्तन गर्न राजनीतिमा आएको बताए ।

तर पार्टी घोषणा गरेपछि उनले राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्ष निर्वाचित र मुख्यमन्त्रीको एजेन्डा अघि बढाउने बताए । नेपालमा अहिले संसदीय प्रणाली छ । संघीय सरकारमा प्रतिनिधि सभाबाट प्रधानमन्त्री र प्रदेश सभाबाट मुख्यमन्त्री छानिने संवैधानिक व्यवस्था छ ।

लामिछानेले आफ्नो पार्टीलाई युवाको पार्टी बनाउने बताए । 'म यो पार्टीलाई युवाहरूको पार्टी बनाउने छु,' उनले भने, 'केन्द्रीय सदस्य ५० प्रतिशत युवा हुनेछन् ।' सभागृहको घोषणा सभापछि उनले कान्तिपथस्थित निर्वाचन आयोगको कार्यालयमा पुगेर दल दर्ताको निवेदन दिएका छन् ।

दल दर्ताको निवेदन आयोगमा बुझाएलगत्तै पत्रकारहरूसँग कुराकानी गर्दै लामिछानेले पार्टी सभापति आफू भएको बताए । 'यो दलको सभापति म छु,' उनले भने, 'हाम्रो टिमले मलाई सभापति चुनेको छ । हामी २१ जना छौं ।'

उनले दल दर्ताका लागि निवेदन दिँदा अरू क-कसको नाम समावेश गरेका छन् भन्नेबारे खुलाउन चाहेनन् । आयोगले दल दर्ताको प्रमाण पत्र दिएपछि मात्रै ती व्यक्तिका नाम खुलाउने उनले बताए ।

'देशले चिनेको नहुन सक्छ, देशलाई चिनेको व्यक्तिहरू हुनुहुन्छ,' उनले भने, 'दलको सभापति म छु । अरू को-को भन्ने दल दर्तापछि मात्रै बाहिर ल्याउँछौं ।' उनले समावेशी हुने गरी दल दर्ताका लागि निवेदन दिइएको बताएका थिए । साथै उनले एक वर्षपछि पार्टीले महाधिवेशन गर्ने बताएका छन् ।

उनले संवैधानिक समाजवादको सिद्धान्तलाई पार्टीले अंगाल्ने पनि बताएका छन् । रविले नयाँ पार्टी खोल्ने घोषणा गरेपछि उनका दाइ हरिशरण लामिछानेले भने आफू त्यो पार्टीमा आजीवन नरहने बताएका छन् ।

हरिशरणले काठमाडौं-३ प्रतिनिधि सभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन् । उनले रविको पार्टीले लिएको एउटा नीतिलाई लिएर भने विशेष चासो व्यक्त गरेका छन्।

'नयाँ पार्टी घोषणा गरेकोमा रवि लामिछानेलाई बधाई । पार्टीको नीतिअनुसार परिवारवाद निषेध गरिनु राम्रो प्रयास हो,' हरिशरणले भनेका छन् । उनले रविको पार्टीको उक्त नीतिमा व्यंग्यात्मक सुझाव पनि दिएका छन् । 'कुनै पनि नयाँ सदस्यले अब देशभर आफ्नो जन्मकुन्डलीलाई अर्को सदस्यसँग भिडाई नाता 'अप्रमाणित' भएको प्रमाणपत्र लिएर मात्र पार्टी प्रवेश गर्नुहोला । पछि आपसी मायाप्रेममा परेर बिहेबारी भई कुनै अवस्थामा नाता प्रमाणित भएमा सदस्यता खारेज हुन सक्छ है!' उनले भनेका छन् । उनले रविले खोलेको पार्टीमा संलग्न नहुने पनि बताएका छन् ।

'दर्ता हुन बाँकी सो पार्टीका कुनै पनि गतिविधिमा म परिवारको नातेदारको नाताले नैतिक रूपले संलग्न हुने त कुरै भएन । राजनीतिक रूपले त्यो पार्टीमा म आजीवन रहने छैन भन्ने जानकारी पनि गराउँदछु,' उनले फेसबुकमा लेखेका छन्, 'स्वतन्त्र र दलगत राजनीतिका लागि मसँग अपार अवसर र सम्भावना छन् । बाँकी कुरामा कमेन्ट गर्ने मेरो हैसियत छैन । नेपाल आमाको एक स्वतन्त्र नागरिकको नाताले मेरो जीवन देशको सेवामा हमेसा समर्पित रहने छ ।'

हरिशरण स्वतन्त्र रूपमा उम्मेदवारी दिने तयारीमा छन् । उनले आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर ३ मा उम्मेदवारी दिने घोषणा गरेका छन् । सोमबार मात्रै उनले प्रतिनिधि सभामा उम्मेदवार बन्न चाहने स्वतन्त्रहरूको अलाइन्स बनाएको बताएका थिए । भाइ रविको राजनीतिलाई उनले फिल्मी शैली भनेका थिए । -साभार: सेतोपाटी

# सौगातले तीन महिना अभिनयबाट विश्राम लिने



काठमाडौं/ अभिनेता सौगात मल्लले तीन महिनाका लागि अभिनयबाट विश्राम लिने भएका छन् । सञ्चारकर्मीसँग कुरा गर्दै उनले भदौ १० गते प्रदर्शन हुने फिल्म राधालाई लक्षित गर्दै आफूले अन्य काम नगर्ने निर्णय गरेको जानकारी दिए ।

'राधा' सौगातले निर्माण गरेको पहिलो फिल्म समेत हो । 'राधाभन्दा अघि मैले केही गर्दिनँ । त्यसकै दौडधूपमा हुन्छु । अन्य सेड्युललाई पनि पछि सारेको छु । आफैं प्रोड्युसर भएपछि सबै कामको लागि आफू हिंड्नुपर्ने हुन्छ,' सौगातले भने ।

अहिले पोस्टप्रोडक्सन भइरहेको फिल्म राधामा स्वयं सौगात पनि खटिरहेका छन् । उनी अभिनित 'कबड्डी ४'ले बक्स अफिसमा उच्च कमाइ गरिरहेको छ भने अर्को फिल्म 'घनचक्कर' प्रदर्शनको तयारीमा छ ।

अन्य दुई फिल्म गर्ने निश्चित भएपछि 'राधा' रिलिजको एक महिनासम्म आफूले केही गर्न नसक्ने सौगातले बताए । उनले निर्देशक समेत रहेका सुवर्ण थापासँग मिलेर 'राधा' निर्माण गरेका हुन् ।

# सवारी साधन आयातमा लगाइएको प्रतिबन्ध खुलाउन नाडाको माग



काठमाडौं/ नाडा अटोमोबाइल्स एसोसिएशनले सवारी साधनको आयातमा लगाइएको प्रतिबन्ध खुलाउन माग गरेको छ । नाडाको प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूलाई भेटेर सवारी साधनको आयातमा लगाइएको प्रतिबन्ध हटाउन माग गरेको हो ।

नाडाले कार जीप र भ्यान जस्ता नीजि प्रयोजनका सवारी साधनहरुको आयातमा लगाइएको प्रतिवन्ध खुला गर्न माग गरेको जनाएको छ । उक्त भेटघाट तथा छलफलमा नाडाका अध्यक्ष धुव्र थापाले सरकारले देशको विदेशी मुद्रा सञ्चितिमा सुधार ल्याउन भन्दै रोकेको सवारी आयात तत्काल खुलाउन माग गरे । उनले नीजि प्रयोजनका कार, जीप र भ्यानलाई आउदो असार मसान्तसम्मको लागि लगाइएको प्रतिबन्ध अविलम्ब फुकुवा हुनुपर्ने माग राखे । बैंक तथा वित्तिय निकायहरुमा फाइनान्सको असहजता, एलसी मार्जिनमा गरिएका बृद्धि, जोखिम भार व्यवस्थापनमा दोब्बरले गरिएका बृद्धि जस्ता विषयहरुले विगत ८ महिना देखि अटोमोवाइल व्यवसायमा ८० प्रतिशत भन्दा बढीले ह्रास आएको कुरा अध्यक्ष थापाले बताए । अध्यक्ष थापाले प्रतिबन्ध लगाउँदा देशलाई भन्सार बिन्दुमा उठ्ने परल मूल्य भन्दा दोब्बर राजश्व बुझाउदै देशको कूल कर राजश्वमा झण्डै २५ प्रतिशत योगदान पुर्याएको अटोमोवाइल क्षेत्रमा खबौंको लगानी तथा लाखौलाई रोजगारी प्रदान गरेका व्यवसायीहरु अहिले धरासायी हुने समेत बताए । -साभार: रातोपाटी

# महिनावारी शिक्षासम्बन्धी पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री

काठमाडौं/ नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रको पाठ्यक्रममा आधारित महिनावारी स्वच्छता व्यवस्थापनसम्बन्धी कक्षा ४ देखि १२ सम्मको सन्दर्भ सामग्री तयार भएको छ ।

राष्ट्रिय महिनावारी सञ्जालसँगको सहकार्य र जिआइजेडको सहयोगमा ग्लोबल एक्सन नेपाल (ज्ञान) ले प्रकाशन गरेको सो सामग्री मंगलबार राष्ट्रिय योजना आयोगका सदस्य सलोनी सिंहलगायतको उपस्थितिमा सार्वजनिक भएको छ ।

आयोगका सदस्य सिंहले कार्यमूलक र तथ्यपरक अनुसन्धानमा आधारित भईपरम्परागत एकोहोरेपनालाई अन्त्य गर्ने गरी भएका यस्ता प्रयास आवश्यक भएको बताउँदै ती सामग्री समाजमा परिवर्तनको प्रतीकका रूपमा रहने विश्वास व्यक्त गरे । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव रमा अर्यालले पाठ्यक्रम पद्धतिमा उक्त सामग्री नयाँ इँटा सावित हुने जनाइन् ।

सञ्जालका अध्यक्ष गुणराज श्रेष्ठले महिनावारी शिक्षाको बुझाइले किशोरीहरु स्वास्थ्य र शिक्षाका लागि सहजता ल्याउने बताए । प्रकाशित सामग्रीलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समन्वयमा मुलुकका सबै विद्यालयमा परीक्षण गराउने लक्ष्य लिइएको ज्ञानका निर्देशक बाबुकाजी श्रेष्ठले बताए । सो संस्थाले उक्त सामग्रीको शिक्षण सहयोगी सन्दर्भ सामग्री (शिक्षक निर्देशिका) पनि प्रकाशन गरेको छ । -साभार: सेतोपाटी

# १०४ हजयात्रीको बिदाइ

काठमाडौं/ युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराजले मुस्लिम धर्मावलम्बीको पवित्र तीर्थस्थल मक्कामदिनामा हज गर्न जाने १०४ हजयात्रीलाई बिदाइ गरेका छन् । मन्त्री गहतराजले मंगलबार बिहान उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरेका हुन् ।

उनले आफ्नो गृहनगर बाँकेका साथै बर्दिया, सुर्खेत, दाङ र अर्घाखाँचीबाट हजका लागि मक्कामदिना जान लागेका १०४ हजयात्रीलाई दोसल्ला ओढाएर बिदाइ गरे ।

बिदाइ हुनेहरूमा बाँकेका ८५, बर्दियाका पाँच, सुर्खेतका ६, दाङका पाँच र अर्घाखाँचीका दुईजना हजयात्री तथा एकजना प्रतिनिधि रहेका छन् । हजयात्री साउदी अरबको जेद्दा अन्तर्राष्ट्रिय विमानस्थल हुँदै मक्कामदिना पुग्ने नेपाल हज समितिले जनाएको छ । -साभार: बाह्रखरी

# हङकङसँग हारे पनि नेपाल सेमिफाइनलमा




काठमाडौं/ एसीसी महिला टी-२० च्याम्पियनसिपमा नेपाल हङकङसँग ७ विकेटले पराजित भएको छ ।

नेपालले दिएको ११० रनको लक्ष्य पछ्याएको हङकङले १५.५ ओभरमा ३ विकेट गुमाउँदै ११२ बनाएर जित हासिल गर्‍यो ।

हङकङका लागि ओपनर मेरिको हिलले सर्वाधिक ४५ रन बनाइन् । अर्की ओपनर बोल्ला बोयी सीता राना मगरको हातबाट ९ रनमा एलबीडब्ल्यु आउट भइन् । ओपनर मेरिको हिल स्पिनर संगिता राईको बलमा ममता चौधरीबाट क्याच आउट भइन् ।

तेस्रो क्रममा आएकी नताशा माइल्स २८ रनमा र पाँचौं क्रममा आएकी सानेज सहजाद ४ रनमा अविजित रहे । चौथो क्रममा क्लेरी च्यान १७ रनमा संगिता राईबाट बोल्ड आउट भइन् । नेपालका लागि स्पिनर संगिता राईले सर्वाधिक २ विकेट लिइन् । यसअघि मलेसियाको किनरारा मैदानमा टस जितेर ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १०९ रन बनाएको थियो । नेपालका लागि कप्तान रुविना क्षेत्रीले सर्वाधिक ३२ बनाइन् । बिन्दु रावल २३ र अप्सरी बेगमले २२ रन बनाइन् । नेपालका अन्य कुनै ब्याटरले दोहोरो अंकको रन बनाउन नसक्दा नेपाललाई १०० रनको लक्ष्य गर्न पनि निकै कष्ट भएको थियो ।

खेलमा लगातार ६ विकेट गुमाएको नेपालले १५ ओभरपश्चात मात्र सम्हालिएको खेल प्रस्तुत गरेको थियो । हङकङका लागि चनका बेट्टीले सर्वाधिक २ विकेट लिइन् । मरियम बीबी र एलिशा हर्बडले समान १/१ विकेट लिए । समूह 'बी' मा रहेको नेपाल ३ खेलमा ६ अंकका साथ सेमिफाइनलमा पुगिसकेको छ । -साभार: अनलाइनखबर

# भारतीय दूतावासले पनि मनायो योग दिवस



काठमाडौं/ नेपालस्थित भारतीय दूतावासले मंगलबार विभिन्न कार्यक्रम गरी आठौं अन्तर्राष्ट्रिय योग दिवस मनाएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा सहभागी भएको सो कार्यक्रममा भारत सरकारको आयुष मन्त्रालयद्वारा स्वीकृत व्याख्यानसहितको साधारण योग विधि प्रस्तुत गरिएको थियो ।

दूतावासले जारी गरेको विज्ञप्ति अनुसार योगमा अभिरुचि भएका करिब ६०० जनाले सो योग कार्यक्रममा सहभागिता जनाएका थिए । कार्यक्रममा बोल्दै प्रधानमन्त्री देउवाले योग अभ्यासले शरीर र दिमाग दुवैलाई सकारात्मक उर्जा दिने र योगलाई दैनिक जीवनको एक हिस्सा बनाउनुपर्ने बताए । सोही कार्यक्रममा सञ्चार तथ सूचना प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले स्वस्थ्य जीवनका लागि सबैले नियमित योग गर्नुपर्ने सुझाव दिए ।

यस वर्षको योग दिवसको नारा 'मानवताका लागि योग' रहेको छ । योग दिवसको पूर्वसन्ध्यामा दूतावासले काठमाडौं विश्वविद्यालयको स्कुल अफ मेडिसिनसँगको सहकार्यमा विशेष योग सत्रको आयोजना गरेको थियो । भारतीय राजदूतावास, स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रका योग गुरुहरूले महिला तथा बालबालिकाका लागि विशेष योग कार्यक्रम विश्व सम्पदामा सूचीकृत काठमाडौंको बौद्धनाथ स्तूपमा आयोजना गरेको थियो ।

सन् २०१४ मा संयुक्त राष्ट्र संघ महासभामा १७७ सदस्य राष्ट्रले भारतको प्रस्ताव समर्थन गरेपश्चात् सन् २०१५ यता हरेक वर्ष जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस मनाइँदै आएको छ । -साभार: रातोपाटी


# थपिए १९ जना कोरोना संक्रमित



काठमाडौं/ पछिल्लो २४ घण्टामा देशभर १९ जना कोभिड १९ संक्रमित थपिएका छन् ।

२ हजार ८१४ वटा नमुना परीक्षण गर्दा सो संक्रमण पुष्टि भएको हो । मंगलबार १० जना संक्रमणमुक्त भएका छन् । योसँगै देशभर सक्रिय संक्रमितको संख्या १२४ पुगेको छ । ७३ हजार ३०१ जनाले कोभिड १९ विरुद्धको खोप लगाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । -साभार: बाह्रखरी

# एसइई नतिजाको तयारी अन्तिम चरणमा




वीरगञ्ज/ राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा यही असार मसान्तभित्र सार्वजनिक गर्ने तयारी गरेको छ । यसका लागि बोर्डले तीव्रताका साथ आवश्यक काम गरिरहेको जनाएको छ ।

बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले यसपटक एसइईको नतिजा समयमै सार्वजनिक गर्नका लागि आवश्यक कार्य तीव्ररूपमा भइरहेको जानकारी दिँदै प्राविधिकरूपमा समस्या नआए असार ३२ गतेभित्र नतिजा सार्वजनिक गर्ने गरी काम भइरहेको बताए ।

राष्ट्रिय परीक्षा बोर्ड एसइई (कक्षा १०)का परीक्षा नियन्त्रक अर्जुन रायमाझीले असार ३२ गते एसइई परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरेको जानकारी दिए ।

अहिले उत्तरपुस्तिका परीक्षणको काम सम्पन्न गरी संपरीक्षणको कामसमेत अन्तिम चरणमा पुगेको जानकारी दिँदै उहाँले कम्प्युटर इन्ट्री गर्ने, रुजु गर्नेलगायतका काम भइरहेको बताए । 'सम्पूर्ण काम सकेर असार मसान्तभित्र नतिजा सार्वजनिक गरिने तयारीमा छौं,' उनले भने ।

कार्यालयले असार २० सम्ममा प्राप्ताङ्क इन्ट्री गर्ने, २१ र २२ मा मिस म्याच गर्ने र २३ देखि २९ गतेसम्म टेबुलेसन गर्ने र ३२ मा नतिजा सार्वजनिक गर्ने गरी कार्ययोजना बनाएर काम भइरहेको जनाएको छ ।

यसअघि चार महिनामा सार्वजनिक हुँदै आएको परीक्षाफल यस वर्ष करिब दुई महिनामै सार्वजनिक गर्ने गरी काम भइरहेको परीक्षा नियन्त्रक रायमाझीले जानकारी दिए ।

कोरोनाका कारण दुई वर्ष आन्तरिक मूल्यांकनबाट नतिजा सार्वजनिक भए पनि दुई वर्षपछि बोर्डले विद्यार्थीको भौतिक उपस्थितिमै गत वैशाख ९ देखि २० गतेसम्म परीक्षा सञ्चालन गरेको थियो ।

दुई हजार सात परीक्षा केन्द्रबाट ११ हजार ६१५ विद्यालयका दुई लाख ५७ हजार ९२४ छात्रा र दुई लाख ५७ हजार ५३ छात्र गरी पाँच लाख १४ हजार ९७७ परीक्षार्थीले परीक्षा दिएका परीक्षा नियन्त्रक रायमाझीले जानकारी दिए । -साभार: यात्रा डेली

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**बहराइनमा वैदेशिकको अवसर** | कम्पनी: AL RAYAH FOR SAFETY ITEMS WLL
शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७८/०१/२० चलानी नं.: ६०१५८२८१ LT. No.: 240040 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 5 | सम्बन्धित काममा दक्ष | 120 | ३९,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Supervisor | 10 | 0 | | 200 | ६५,९२२ | | | | | | | |
| 3. | Light Vechcle Driver | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 5 | 0 | | 170 | ५६,०३३ | | | | | | | |
| 5. | Cctv Operator | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |

फाइनल अन्तरवार्ता २०७९ असार ९ गते बिहीबार होटल तिरुपति चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

[illegible]

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
श्रम इ. पत्र नं.: १०३१/०७३/०७४
चितवन सम्पर्क : 9855063454, 9806595102

# मकवानपुरमा ३३ वटा मानव अधिकार उल्लङ्घनका घटना




साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुर जिल्लामा सन् २०२२ को जनवरीदेखि जुन महिनासम्ममा मानव अधिकार उल्लंघन तथा ज्यादतीका ३३ ओटा घटना भएका छन् ।

अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले मानव अधिकार वर्ष पुस्तक २०२३ को लागि संकलन गरेको घटना विवरणले यस्तो देखाएको हो । मकवानपुरमा भएका ३३ वटा घटनामध्ये २२ जना महिला ११ जना पुरुष गरी ३३ जना पीडित भएको तथ्यांकले देखाएको छ । इन्सेक जिल्ला प्रतिनिधि पुष्प अधिकारीका अनुसार बाल अधिकारका घटनामा नौ जना बालिका पीडित भएकोमा आठ जना बलात्कारका घटना र एक नवजात शिशु हत्याको घटनामा पीडित रहेका छन् । एकै विद्यालयका ३ शिक्षककहरुबाट सात जना बालिका यौन दुरुपयोगका घटनामा पीडित भएको घटना पनि इन्सेकको तथ्यांकमा उल्लेख छ । महिला अधिकारका घटनामा १० जना पीडित भएकोमा सात जना बलात्कार र तीन जना बहुविवाहको घटनामा पीडित भएको इन्सेकमा अभिलेख भएको छ । यस अवधिमा पाँच ओटा हत्याका घटना भएका छन् । जसमा एक जना महिला र चार जना पुरुष छन् । यस्तै ९ वटा हत्या प्रयासका घटनामा दुई जना महिला र सात जना पुरुष पीडित भएको इन्सेक बागमती प्रदेशका कार्यक्रम संयोजक गणेश भण्डारीले बताए ।

६ महिनाको अवधिमा परिवारजनबाटै तीन जना बालिका सहित चार ओटा बलात्कार, एक नवजात शिशु (छोरी) सहित पाँच ओटा हत्याको घटना भएको भण्डारीले बताए । उनको अनुसार गत वर्ष सन् २०२१ मा मानव अधिकार उल्लंघन तथा ज्यादतीका ७८ वटा घटनामा अन्य पक्षबाट ७८ जना पीडित भएका थिए भने सन् २०२० मा मकवानपुरमा ६२ ओटा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामा ५० जना महिला, १२ जना पुरुष र एक लैङ्गिक तथा अल्पसंख्यक महिला पीडित भएको तथ्यांक छ ।

कार्यक्रममा बोल्दै प्रदेश स्वास्थ्य राज्यमन्त्री कल्पना नेपालीले नागरिकको अधिकार सुनिश्चितताको लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताइन् । संविधानले प्रदान गरेको मौलिक अधिकार प्राप्तिको लागि नागरिकले अझै लडाई लड्नुपर्ने अवस्था रहेको भन्दै प्रदेश सरकार नागरिकको अधिकार सुनिश्चित गराउने गरी अघि बढेको राज्यमन्त्री नेपालीले बताइन् । कार्यक्रममा गैसस महासंघ बागमती प्रदेश समिति अध्यक्ष आरती पाठकले इन्सेकले गर्दै आएको मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरूको अभिलेखले समाजमा महिला तथा बालबालिकाको अवस्था कस्तो छ भन्ने देखाउनुका साथै यसले राज्य र समाजलाई जिम्मेवार बन्न मद्दत पुग्ने बताइन् ।

कार्यक्रममा इन्सेक बागमती प्रदेशका कार्यक्रम संयोजक गणेश भण्डारीले इन्सेकले मानव अधिकारका घटनाहरूको अभिलेख राख्ने कार्यसँगै मकवानपुरको दुईओटा स्थानीय पालिकामा शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारको क्षेत्रमा काम गर्दै आएको बताए ।

# मकवानपुरमा असार ९ गते देखि फाईजर खोप लगाइने



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुरमा असार ९ गते बिहीबारदेखि १५ गतेसम्म फाईजर खोप लगाइने भएको छ ।

जिल्लाको ६१ हजार ७५ जना बालबालिकालाई कोभिड-१९ विरुद्ध फाईजर खोप लगाईने भएको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले मंगलबार पत्रकार सम्मेलन गर्दै ५ बर्ष पूरा भई ११ बर्षसम्मका बालबालिकालाई सुन्तला रङ्गको फाईजर खोप लगाइने जनाएको छ । कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेले मकवानपुरको १० वटै पालिकामा ५ दिनसम्म खोप अभियान सञ्चालन हुने जानकारी दिए ।

खोप अभियानमा मकवानपुरका विद्यालय र वडा कार्यालयहरु लक्षित तोकिएका केन्द्रहरुमा एक सय ३ वटा स्वास्थ्य संस्थाका ३ सय ९० जना स्वास्थ्यकर्मी खटिने उनले बताए । कोभिड-१९ विरुद्ध खोपको घोलक ०.९ प्रतिशत सोडियम क्लोराइड हो । यसबाट गम्भीर प्रकृतिका बिरामीलाई १० लाखमा एक जनालाई विभिन्न समस्या देखिने हुन्छ । फाईजर खोप ९१ प्रतिशत प्रभावकारी हुने बताइएको छ ।

पहिलो लगाएको २१ दिनपछि दोस्रो मात्राको खोप लगाउन मिल्छ । विभिन्न चरणमा लगाइने खोप अभियानमा १२ बर्ष र १८ वर्षभन्दा माथिकालाई पनि पहिलो चरणको यस खोप अभियान सञ्चालनपछि लगाइने भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख भीमसागर गुरागाईंले विद्यालय लक्षित कार्यक्रम सञ्चालन गरिने बताए । उनले विद्यालयमा ७ प्रतिशत बालबालिकाले फाईजर खोप लगाउने लक्ष्य रहेको दावी गरे ।

# कैलाशका किसानहरुलाई कृषि सामग्री वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुरको विकट कैलाश गाउँपालिकाले स्थानीय किसानहरुलाई विभिन्न कृषि सामग्री वितरण गरेको छ ।

आधुनिक कृषितर्फ आकर्षित गर्दै लागत घटाइ उत्पादन बढाउन किसानलाई विभिन्न प्रकारको कृषि सामाग्री वितरण गरिएको हो । गाउँपालिकाले कृषकको समूहलाई मिनी ट्रिलर १३ वटा, अदुवा पिस्ने मिल ६ वटा, विषादी छर्कने इलेक्ट्रिक पम्प २० वटा र डिजिटल तराजु २ वटा वितरण गरेको छ ।

गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले मंगलबार किसानहरुलाई उक्त कृषि सामग्रीहरु हस्तान्तरण गरेका छन् । अदुवा पकेट क्षेत्र कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत कृषि ज्ञान केन्द्र चितवनले कृषि सामग्री वितरण गर्न १५ लाख रुपैंया बजेट उपलब्ध गराएको थियो । गाउँपालिकाको ५० प्रतिशत अनुदान र बाँकी किसानले व्यहोर्ने गरी कृषि सामग्रीहरु वितरण गरिएको गाउँपालिका अध्यक्ष मुक्तानले जानकारी दिए । आगामी दिनमा मागका आधारमा अरु किसानहरुलाई पनि कृषि सामग्री उपलब्ध गराउँदै जाने योजना रहेको उनले बताए ।

# श्रीमतीको हत्या गर्ने गोलेलाई २२ वर्षको कैद सजाय

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ श्रीमतीको हत्या गर्ने ४६ वर्षीय देवराज गोलेलाई २२ वर्षको कैद सजाय फैसला गरेको छ ।

मकवानपुरको मकवानपुरगढी गाउँपालिकाका २ का गोलेलाई २२ वर्षको कैद सजाय फैसला भएको हो ।

जिल्ला न्यायधिश मनकुमारी जिएम बिश्वकर्माको इजलासले गत बुधबार असार १ गते गोलेलाई श्रीमतीको हत्या गरेको ठहर गर्दै २२ वर्षको कैद सजाय सुनाएको जिल्ला अदालत मकवानपुरका श्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिए ।

गोलेको कुटपिटबाट ४६ वर्षीय श्रीमती श्रीमाया गोलेको २०७७ माघ ४ गते मृत्यु भएको थियो ।

श्रीमायाको कुटपिटबाट मृत्यू भएपछि जिल्ला अदालत मकवानपुरमा २०७७ माघ २९ गते कुटपिट गरेर ज्यान मार्ने मुद्दा दर्ता भएको थियो ।

# मकवानपुरका भट्टराई एसिया डेभलपमेन्ट लिडरसिप अवार्डबाट सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुरका सुरेन्द्र भट्टराई एसिया डेभलपमेन्ट लिडरसिप अवार्ड २०२२ बाट सम्मानित भएका छन् ।

मलेसियास्थित विश्वभर अनुसन्धान खोजमा कार्य गर्दै आएको रिसर्च अण्डर लिटरल एक्सेस नामक संस्थाले उनलाई एसिया डेभलपमेन्ट लिडरसिप अवार्ड २०२२ बाट सम्मानित गरेको हो ।

विभिन्न ५० भन्दा बढी विधामा प्रदान गरिने अवार्डमा नेपालको तर्फबाट भट्टराई सम्मानित भएका छन् । भट्टराईलाई नेपाल सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको आयोजकले जनाएको छ ।

भट्टराई २० वर्ष सरकारी सेवामा कार्यरत अवकाश प्राप्त कर्मचारी हुन् । उनले विकासको नेतृत्व गर्ने तत्कालिन गाविसहरुमा रहेर विकास व्यवस्थापन र योजना सम्बन्धी कार्य गरेको, स्थानीय निकायमा जनप्रतिनिधिहरु नभएको समयमा स्थानीय तहलाई नेतृत्व गरी विकासका गतिविधिलाई सञ्चालन गरेको कारण सम्मनित गरिएको जनाइएको छ ।

# एन्फा केन्द्रीय सदस्यामा मकवानपुरका टिका लामा निर्वाचित



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ अखिल नेपाल फुटबल संघ (एन्फा) को केन्द्रीय सदस्यामा मकवानपुरका टिका लामा निर्वाचित भएका छन् । सोमबार राती सम्पन्न निर्वाचनबाट लामा एन्फाको केन्द्रीय सदस्यामा निर्वाचित भएका हुन् ।

लामा ४१ मत प्राप्त गर्दै सदस्यमा निर्वाचित भए । एन्फा मकवानपुरका अध्यक्ष समेत रहेका लामाले केन्द्रीय सदस्यको लागि अघिल्लो कार्यकालमा अध्यक्ष रहेका कर्माछिरिङ शेर्पा प्यानलबाट उम्मेद्वारी दिएका थिए ।

शेर्पालाई ६ मतान्तरले पराजित गर्दै एन्फाको अध्यक्षमा पंकजविक्रम नेम्वाङ निर्वाचित भएका छन् ।

नेम्वाङले पंकजविक्रमले ४५ मत प्राप्त गर्दा शेर्पाले ३९ मत मात्र प्राप्त गरे ।


## योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं

"योग्यता, स्वच्छता, निष्पक्षता -लोक सेवा आयोगको प्रतिबद्धता"

- योग्यत र प्रतिष्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं ।
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं ।
- निर्भीक एवम् निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं ।

असार १ गते लोक सेवा आयोगको ७२ औं बार्षिकत्सव भव्यताका साथ मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राजमार्गमा लेन अनुशासन मिचिंदा घण्टौं जाम

काठमाडौं/ न पहिरो खसेको छ, न मर्मतको काम चल्दैछ, तैपनि नागढुंगा- मुग्लिन सडकखण्डका विभिन्न भागमा गाडीहरु घण्टौं जाममा पर्ने गरेका छन् । आइतबार विहान सर्लाहीका विशाल देवकोटा चढेको बस ११ बजे मुग्लिन आइपुगेको थियो, तर, साँझ ७ बज्दा मलेखुसम्म मात्र आइपुग्यो । देवकोटाका अनुसार मलेखुदेखि काठमाडौंतर्फको सडकमा पनि उस्तै समस्या पऱ्यो ।



अहिले पृथ्वी राजमार्गका विभिन खण्डमा सवारी साधन जाममा पर्नु नौलो हुन छाडेको छ । कारण, हो लेन मिचेर कुद्ने गाडीहरु । 'चितवनबाट काठमाडौं आउन १२ घण्टा लाग्यो,' उनी भन्छन्, 'लेन नमिच्ने ठूला गाडीमा यात्रु गर्नेलाई परिररहेको यस्तो सास्ती किन हेरिंदैन ?'

यो समस्याले यात्रु आक्रान्त भएपछि सडक विभागले यस्ता प्रवृत्ति नियन्त्रण गर्न गृह मन्त्राललयकै ध्यानाकर्षण गराएको छ । सडक विभागका प्रवक्ता भीमार्जुन अधिकारी राजमार्गमा लेन अनुशसन मिचेर गाडी चलाउनेहरुका कारण जामको समस्या बढेको बताउँछन् ।

'पहिरो गएर पन्छाइएका कुनै स्थानमा बोटल नेक हुन्छ,' उनी भन्छन्, 'त्यस्तो ठाउँमा सवारी पास हुँदा थोरै सवारी लाइन लाग्छन्, यस्तो अवस्थामा साना सवारीहरु लेन मिच्दै अरुको लेनमा खडा भइदिन्छन्, दुबैतर्फ अरुको लेनमा सवारीहरु थुप्रिएपछि त्यो जाम खुल्न महाभारत नै पर्ने रहेछ ।'

इलाका प्रहरी कार्यालय बेनीघाटका प्रहरी सहायक निरीक्षक चन्द्र मोक्तान साना सवारीहरुले लेन अनुशासन नमान्दा ठाउँ-ठाउँमा जाम हुने गरेको बताउँछन् । 'सडक साँघुरो छ, सवारीको चाप उच्च छ,' उनी भन्छन्, 'केही समयमात्रै सवारीहरु कतै रोकिए भने लेन मिच्नेहरुका कारण ट्राफिक व्यवस्थापन अस्तव्यस्त हुन्छ ।' वर्षायाममा ठाउँ ठाउँमा पहिरो गइरहने कारण पनि समस्या बढेको मोक्तान बताउँछन् । 'कुनै कारण छोटो जाम भयो भने सवारीहरु हतार गरेर अरुको लेनबाट दौडिन्छन्', उनी भन्छन्, 'यसले दुर्घटना पनि बढाएको छ, अस्ति विशालटारमा यस्तै कारण ट्रकहरु जुधेर दुर्घटना भयो ।' इलाका प्रहरी कार्यालय गजुरीका प्रहरी नायव उपरीक्षक भावेश रिमाल राजमार्गका पहिरो खस्ने समस्या धेरै देखिएको बताउँछन् । त्यस्तो अवस्थामा केही समय गाडीहरु जाममा रोकिनासाथ साना गाडीले अरुको लेन ओगट्ने गरेको र त्यसले छिट्टै खुल्ने जाम पनि हट्न समय लाग्ने उनी बताउँछन् ।

'सबै अनुशासित भए समस्या कम हुन्थ्यो', उनी भन्छन्,' सबै ठाउँमा प्रहरी बस्न पनि सक्दैन, प्रहरी नदेखेपछि जे गरेपनि हुन्छ भन्ने सोच भएकाहरुले समस्या बढाएका हुन् ।'

***अझै बढ्नसक्छ जाम***

२०३१ सालमा पृथ्वी राजमार्ग निर्माणपछि पहिलो पटक २०४९ सालमा मात्रै मर्मत भएको थियो । त्यतिबेला पनि राजमार्गका सुरक्षात्मक पर्खाल र नदी कटानमा परेका भागबारे अध्ययन र मर्मत भएको थिएन । जीर्ण बन्दै गएका सडकमाथिका भित्ता र मुनिका कान्ला बलियो बनाउने प्रयास भएन ।

गाडीको अत्याधिक चाप झेलिरहेको यो राजमार्गका विभिन्न भागमा पहिरो खस्ने क्रम बढेको छ । खाल्डा टाल्ने र सानातिना पहिरो खस्दा रोकथाम गर्ने बाहेकको काममा सरकारको ध्यान छैन ।

दुई वर्षयता यो राजमार्गमा बाढी पहिरोले पुल र कल्भर्टहरुमा क्षति बढ्दो छ । रेखदेख र मर्मतमा ध्यान नदिंदा सडकमा हुने क्षति र यहाँ यात्रुले भोग्ने सास्तीको दर वर्षेनी बढ्दो छ ।

-साभार: अनलाइनखबर


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**
पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)





साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना